नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४
चलानी नं. ९५८

मितिः २०८३/०७/१२

श्री गाउँपालिका सबै,
श्री नगरपालिका सबै ।

विषयः आवश्यक सहजीकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प.सं.: २०८३/०८४, च.नं. ७९ मिति २०८३/०७/१० को पत्र मार्फत नेपालका ७७ वटै जिल्ला तथा ७५३ स्थानीय तहमा रहेका चौताराको अद्यावधिक विवरण संकलन गर्ने कार्यमा सहजीकरण गरिदिने सम्बन्धी पत्र र चौताराको विवरण (ईन्भेन्ट्री) सम्बन्धी अद्यावधिक फारामको छायाँप्रति यसै पत्रसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

पुनश्चः चौताराको अद्यावधिक विवरण संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाई दिनुहुन।

(प्रकाश पन्थी)
शाखा अधिकृत

बोधार्थः
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार ।
श्री सूचना प्रविधि शाखाः सबै स्थानीय तहमा ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा समेत अपलोड गरिदिनु हुन।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या :- ०८३।०८४
च.नं. :- ६९

मिति : २०८३/७/१० गते

नेपाल सम्वत् ११४६

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला
तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन म
दर्ता नं.: २६४२
मिति: ८।१५

विषय : चौतारोको विवरण संकलन गर्ने कार्यमा सहजीकरण गरिदिनु हुन ।

प्रस्तुत विषयमा नेपालका ७७ वटै जिल्ला तथा ७५३ स्थानीय तहमा रहेका चौतारोको अद्यावधिक विवरण संलग्न ढाँचामा माग गर्न भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् पत्राचार गर्न अनुरोध गर्ने भनी मिति २०८३/७/९ मा निर्णय (सचिवस्तर) भएको हुँदा देहायबमोजिमको फारामसमेत यसै साथ संलग्न राखी सोबमोजिम पत्राचार हुन तहाँ मन्त्रालयमा अनुरोध गरी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

२०८३/६/११

(भीष्म बाँस्कोटा)
पुरातत्व अधिकृत

संघीय मामिला महाशाखा
दर्ता नं.: ३६२
मिति: ८।११

प्रा. तह समन्वय

८।११

८।१२

चौतारोको विवरण (इन्भेन्ट्री) सम्बन्धी अद्यावधिक फाराम

क्र.स.	चौताराको कोड	चौताराको नाम (भएमा)	स्थानीय तह	वडा नं.	टोल/ स्थान	स्थापना वर्ष	वर्तमान अवस्था			चौतारो भएको स्थान (विशेष)				चौतारोसँगै पोखरी/ जलस्रोत भए/नभएको	कैफियत
							राम्रो	सामान्य	जीर्ण	धार्मिक क्षेत्र	बस्ती	कृषि क्षेत्र	अन्य		